# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, माघ ६ गते, २०७० साल (संख्या ३९

## भाग ५

नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, मन्त्रिपरिषद्‌ले मिति २०७०।७।२८ मा आर्थिक अध्यादेश, २०७० को अनुसूची-४ को खण्ड (ग) को नं. १४ बमोजिम अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, संखमूल, काठमाडौंको नाममा रहेको काठमाडौं महानगरपालिका, वडा नं. १० को कित्ता नम्बर ५० को क्षेत्रफल १-१४-१-० मध्ये ०-१५-२-० जग्गाको दानपत्रको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर रु. ३२,५५,०००।- (रुपैयाँ बत्तिस लाख पचपन्न हजार) छुट दिने तथा उक्त केन्द्रले भविष्यमा जुनसुकै किसिमले हक छाडी दिएमा छुट भएको दस्तुर समेत बुझाउनु पर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## सूचना २

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री पशुपति दुग्ध उत्पादक सहकारी संस्था लि., नीलकण्ठ-५, धादिङका लागि Mahindra and Mahindra Ltd., India बाट खरिद गरिने भा.रु. ४,६१,२००.०० (चार लाख एकसट्ठी हजार दुई सय) मूल्य वरावरको MAHINDRA BOLERO CAMPER SC XL 4WD गाडी थान एक आयातमा पचास प्रतिशत भन्सार महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी निर्माणाधीन भरतपुर-वर्दघाट २२० के.भी. प्रसारण लाईन आयोजनाको लागि नेपाल विद्युत प्राधिकरण र Central China Power Grid International Economics & Trade Co. Ltd, China बीच सम्पन्न ठेक्का संझौता वमोजिम चीनबाट आयात गरिने RMB ६९,३४,८९३.५४ (उनसत्तरी लाख चौंतिस हजार आठ सय त्रियानब्बे सेन्ट चौवन्न) मूल्य बराबरका प्रशारण लाईन निर्माण सामग्रीहरुको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी वाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका लागि AIDS Healthcare Foundation AHF, The Netherlands बाट सहयोग स्वरुप प्रदान गरिने युरो १४,७१६.२५ (चौध हजार सात सय सोह्र सेन्ट पच्चिस) मूल्य बराबरको CD4 Machine थान एकको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगंजका लागि Benevolent Healthcare Foundation's Project C.U.R.E., USA

बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ६,००,७०५.९० (छ लाख सात सय पाँच सेन्ट नब्बे) मूल्य बराबरको स्वास्थ्य सामग्री/उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अरु भन्सार महसुल तथा कर शुल्कहरु छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी अखिल नेपाल फुटबल संघ, सातदोबाटो परिसरमा कृतिम घाँसको खेल मैदान निर्माणका लागि FIFA, Switzerland बाट सहयोग स्वरुप उपलब्ध हुने अमेरिकी डलर ३०,९४२.४५ (तीस हजार नौ सय बयालिस सेन्ट पैंतालीस) मूल्य बराबरका Crumb Rubber Granulate तथा Silica Sand को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी कर महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, टेकू, काठमाडौंका लागि Global Alliance for Vaccine and Immunologicals (GAVI) स्रोतको वस्तुगत सहायतामा UNICEF मार्फत आयात गरिने अमेरिकी डलर ९३,४८१.८० (त्रियानब्बे हजार चार सय एकासी सेन्ट असी) मूल्य बराबरको AD Syringe तथा अमेरिकी डलर १३,४१२.५० (तेह्र हजार चार सय बाह्र सेन्ट पचास) मूल्य बराबरको Safety Box मा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संविधानसभा निर्वाचनको प्रयोजनका लागि UNDP-Nepal, ललितपुरले निर्वाचन आयोग नेपालका लागि सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ६१,५४३.०० (एकसट्ठी हजार पाँच सय त्रिचालीस) मूल्य बराबरका मतपत्र छपाइ मेशिनको टोनर आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगायतका कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संविधानसभा निर्वाचनको प्रयोजनका लागि UNDP-Nepal, ललितपुरले निर्वाचन आयोग नेपालका लागि सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर १८,४०७.०० (अठार हजार चार सय सात) मूल्य बराबरका मतदाता परिचयपत्र छपाइ गर्न प्रयोग हुने टोनर आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर समेत छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संविधानसभा निर्वाचनको प्रयोजनका लागि UNDP-Nepal, ललितपुरले निर्वाचन आयोग नेपालका लागि सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ३,३७,५००.०० (तीन लाख सैंतिस हजार पाँच सय) मूल्य बराबरका मतदाता परिचयपत्रको कभर आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगायतका कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संविधानसभा निर्वाचनको प्रयोजनका लागि UNDP-Nepal, ललितपुरले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत खरिद गरी निर्वाचन आयोग नेपालका लागि सहयोग स्वरुप उपलब्ध गराउने जापानी येन १,७२,४२,०२२.०० (एक करोड बहत्तर लाख बयालिस हजार बाइस) मूल्य बराबरका TOYOTA LAND CRUISER PRADO WAGON थान ६ सो आयोगको नाममा दर्ता गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल तथा कर, अन्तःशुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

**मणिराम ओझा**

सहसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको

### सूचना १

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १३ को उपदफा (१) बमोजिमको समितिका सदस्यहरुमध्ये सोही उपदफाको खण्ड (ड) र (ढ) बमोजिमका सदस्यहरुको पदावधि समाप्त भएकाले निजहरुको स्थानमा देहाय बमोजिमका व्यक्तिहरुलाई सो समितिको सदस्यमा मनोनयन गर्ने गरी नेपाल सरकार (मा. मन्त्री स्तर) बाट मिति २०७०।९।८ मा निर्णय भएकाले सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१ श्री डा. गौरीशंकर लाल दास – सदस्य
का.म.न.पा. –७ चावहिल, काठमाडौं
(अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक समाज महासंघ)

२ श्री नुपुर भट्टाचार्य – सदस्य
ख१०/६४ कुपण्डोल, ललितपुर
(बाल अधिकार, बाल बिकास परामर्शदाता)

३ श्री शारदा देवी चन्द – सदस्य
भीम दत्त नगरपालिका- १८ कञ्चनपुर
(महिला तथा वृद्ध सेवा केन्द्र कञ्चनपुर)

४ श्री जगत प्रसाद अर्याल –सदस्य
विराटनगर उ.म.न.पा.- १६ मोरङ्ग -(अध्यक्ष, ज्येष्ठ नागरिक संघ)

**आज्ञाले,**
**दिनेशहरि अधिकारी**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.ब.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।